# सुरक्षित आप्रवासनका लागि आप्रवासी स्रोत केन्द्र (सहायता कक्ष) (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी निर्देशिका, २०८०

<u>कोशी प्रदेश सरकारद्वारा स्वीकृत मितिः २०८०/११/२३</u>

सामाजिक विकास मन्त्रालय

प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

कोशी प्रदेश, विराटनगर, नेपाल

# सुरक्षित आप्रवासनका लागि आप्रवासी स्रोत केन्द्र (सहायता कक्ष) (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी निर्देशिका, २०८०

वैदेशिक रोजगारीको क्षेत्रलाई सुरक्षित एवं मर्यादित बनाउन लक्षित वर्गलाई सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सूचनामा पहुँच, सीप विकासमा सहजीकरण, न्यायमा पहुँच, विप्रेषणको आयमूलक क्षेत्रमा परिचालन, सामाजिक तथा आर्थिक पुनः एकीकरण लगायतका विषयमा परामर्श सेवा प्रवाह गर्नका लागि प्रदेश सरकार तथा स्थानीय तहको साझेदारीमा स्थानीय तहमार्फत सहायता कक्षको रूपमा सुरक्षित आप्रवासनका लागि आप्रवासी स्रोत केन्द्रको सञ्चालन गर्दै केन्द्रको सञ्चालनमा सम्बन्धित सबै पक्षको भूमिका तय गर्न वाञ्छनीय भएकाले,

प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०७६ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी कोशी प्रदेश सरकारले यो निर्देशिका जारी गरेको छ।

## परिच्छेद – १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "सुरक्षित आप्रवासनका लागि आप्रवासी स्रोत केन्द्र (सहायता कक्ष) (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी निर्देशिका, २०८०" रहेको छ।

(२) यो निर्देशिका कोशी प्रदेश सरकारले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "निर्देशक समिति" भन्नाले दफा ९ बमोजिमको समिति सम्झनु पर्छ।

(ख) "मन्त्रालय" भन्नाले कोशी प्रदेशको श्रम तथा रोजगार सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ग) "लक्षित वर्ग" भन्नाले वैदेशिक रोजगारमा जान लागेका, वैदेशिक रोजगारमा रहेका, वैदेशिक रोजगारबाट फर्किएका तथा वैदेशिक रोजगारका लागि जाने सोच बनाएका युवा तथा तिनका परिवारका सदस्य सम्झनु पर्छ।

(घ) "व्यवस्थापन समिति" भन्नाले दफा १० बमोजिमको समिति सम्झनु पर्छ।

(ङ) "साझेदार संस्था" भन्नाले स्रोत केन्द्रको सञ्चालन तथा व्यवस्थापनका लागि प्राविधिक सहयोग गर्न दफा ५ बमोजिम मन्त्रालयले छनोट गरेको संस्था सम्झनु पर्छ।

सामाजिक विकास मन्त्रालय

(च) “स्रोत केन्द्र” भन्नाले वैदेशिक रोजगार सम्बन्धी एकीकृत ढंगले सूचना तथा परामर्श सेवाका साथै वैदेशिक रोजगार सम्बन्धी अन्य विशिष्टीकृत सेवा प्रदान गर्न जिल्ला प्रशासन कार्यालय रहेको स्थानीय तहमार्फत सञ्चालन हुने “सुरक्षित आप्रवासनका लागि आप्रवासी स्रोत केन्द्र (सहायता कक्ष)” सम्झनु पर्छ।

(छ) “स्थानीय तह” भन्नाले यस निर्देशिका बमोजिम स्रोत केन्द्र सञ्चालन गरिरहेका कोशी प्रदेशका स्थानीय तह सम्झनु पर्छ।

## परिच्छेद – २

## <u>स्रोत केन्द्रको सञ्चालन सम्बन्धी व्यवस्था</u>

३. **<u>स्रोत केन्द्रको सञ्चालन:</u>** (१) कोशी प्रदेशका जिल्लाहरूका जिल्ला प्रशासन कार्यालय रहेका स्थानीय तहमार्फत सञ्चालन गर्ने गरी वैदेशिक रोजगार सम्बन्धी सूचना तथा परामर्श सेवाका साथै वैदेशिक रोजगार सम्बन्धी अन्य विशिष्टीकृत सेवा प्रदान गर्न स्रोत केन्द्रको सञ्चालन गरिने छ।

(२) उपदफा (१) बमोजिमको स्रोत केन्द्र सञ्चालन गर्दा आवश्यकता अनुसार वार्षिक बजेट तथा कार्यक्रमका आधारमा क्रमशः अन्य जिल्लाहरूमा विस्तार गर्दै लगिने छ।

४. **<u>स्रोत केन्द्रबाट सम्पादन गरिने कार्यहरू:</u>** स्रोत केन्द्र सञ्चालनको उद्देश्य हासिल गर्न स्रोत केन्द्रले देहाय बमोजिमका कार्यहरू सम्पादन गर्नेछः-

(क) वैदेशिक रोजगारमा जाने सम्भावित युवाहरू, वैदेशिक रोजगारमा रहेका व्यक्तिका परिवारका सदस्यहरू र वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरूका लागि सूचना तथा परामर्श लगायत सुरक्षित वैदेशिक रोजगारको सेवालाई स्थानीय तहसम्म विस्तार गर्न प्रदेश मन्त्रालय र स्थानीय तहहरूबीच समन्वय र सहकार्य स्थापना गर्ने,

(ख) वैदेशिक रोजगारमा जान चाहने युवाहरूको वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउनका लागि सहयोग पुर्‍याउने,

(ग) वैदेशिक रोजगारमा संलग्न व्यक्तिका परिवार र वैदेशिक रोजगारबाट फर्केर आएका व्यक्तिको ज्ञान, सीप, प्रविधि र पूँजीलाई उपयोग गर्ने गरी लक्षित कार्यक्रम तर्जुमा गर्ने र सो को प्रभावकारी कार्यान्वयन गर्ने,

(घ) अन्य स्थानीय तह, नेपाल सरकार तथा अन्य साझेदार संस्थाहरूसँगको सहकार्य तथा साझेदारीमा वैदेशिक रोजगारसँग सम्बन्धित कार्यक्रमहरू सञ्चालन गर्ने,

(ङ) स्थानीय स्तरमा सञ्चालन भएका वैदेशिक रोजगारसँग सम्बन्धित अन्य कार्यक्रम तथा गतिविधिहरूका सम्बन्धमा सम्बद्ध पक्षसँग प्रभावकारी समन्वय गर्ने,

(च) जिल्लाका सबै स्थानीय तहहरूबाट वैदेशिक रोजगारमा जानको लागि राहदानी बनाउन आउने सेवाग्राहीहरूलाई सीप विकास तालिम तथा सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सूचना तथा परामर्श लगायतका सेवा प्रदान गर्ने,

(छ) वैदेशिक रोजगारको सिलसिलामा नेपालभित्र वा गन्तव्य मुलुकमा समस्यामा परेका आप्रवासी कामदार तथा तिनका परिवारहरूलाई सहज न्याय, क्षतिपूर्ति, आर्थिक सहायता/राहत र उद्धारका लागि सम्बन्धित निकायहरूसँग समन्वय तथा सहकार्यमा आवश्यक सहजीकरण गर्ने,

(ज) सूचना प्रवाहलाई व्यापकता दिनको लागि सञ्चार माध्यमहरूसँग समन्वय तथा सहकार्य गर्ने,

(झ) स्थानीय तहमा रहेको रोजगार सेवा केन्द्रसँग सूचना प्रवाह, सीप तालिममा सहजीकरण, सूचना आदान प्रदान लगायतका क्षेत्रमा समन्वय र सहकार्य गर्ने,

(ञ) स्थानीय तह क्षेत्रभित्रबाट वैदेशिक रोजगारका क्रममा मृत्यु भई अभिभावक गुमाएका, बेपत्ता भएका र अङ्गभङ्ग भएका व्यक्तिका बालबालिकाहरूलाई वैदेशिक रोजगार बोर्डले उपलब्ध गराउने छात्रवृत्ति कार्यक्रममा सहज पहुँचका लागि समन्वय तथा सहजीकरण गर्ने,

(ट) वैदेशिक रोजगारीका क्रममा आइपर्ने विभिन्न समस्या समाधानमा सहजीकरणका लागि समस्याको प्रकृति अनुसार विभिन्न निकायहरूसँग स्थानीय तह तथा मन्त्रालयमार्फत समन्वय गर्ने,

(ठ) अन्य आवश्यक कार्यहरू गर्ने।

५. **<u>साझेदार संस्था छनोटः</u>** स्रोत केन्द्र सञ्चालनका लागि आवश्यक प्राविधिक तथा व्यवस्थापकीय सहयोगका लागि मन्त्रालयले सार्वजनिक सूचनामार्फत प्रस्ताव आह्वान गरी सोको मूल्याङ्कनका आधारमा साझेदार संस्थाको छनोट गर्नेछ।

६. **<u>सम्पर्क व्यक्ति तोक्नेः</u>** स्रोत केन्द्रले प्रदान गर्ने सेवाका सम्बन्धमा समन्वय गर्न स्रोत केन्द्र सञ्चालनमा रहेका जिल्लाका प्रत्येक स्थानीय तहले एकजना सम्पर्क व्यक्ति तोक्नु पर्नेछ।

सामाजिक विकास मन्त्रालय

## परिच्छेद – ३

## सहजकर्ताको नियुक्ति तथा भौतिक पूर्वाधारका मापदण्ड सम्बन्धी व्यवस्था

७. **सहजकर्ता नियुक्ति तथा परिचालन:** (१) स्रोत केन्द्रमा बसी लक्षित वर्गलाई सेवा प्रवाह गर्न तथा वैदेशिक रोजगारका सम्बन्धमा अन्तरनिकाय समन्वयका लागि सम्बन्धित स्थानीय तहले सहायक स्तर (पाँचौं) सरहको एकजना आप्रवासन स्रोत सूचना तथा परामर्श सहजकर्ताको नियुक्त गर्नुपर्ने छ।

(२) उपदफा (१) बमोजिमको सहजकर्ताको कार्य विवरण देहाय बमोजिम हुनेछः-

(क) सम्बन्धित स्थानीय तहको सम्पर्क व्यक्ति, व्यवस्थापन समिति, मन्त्रालय र साझेदार संस्थाको निगरानीमा रही प्रभावकारी रुपमा स्रोत केन्द्र सञ्चालन गर्ने,

(ख) लक्षित वर्गलाई आवश्यकता बमोजिमको सूचना तथा परामर्श प्रदान गर्ने र सूचना दिएको व्यक्तिहरूको अभिलेख रजिष्टर र कम्प्युटर प्रणालीमा प्रविष्टी गरी अभिलेखीकरण गर्ने,

(ग) स्रोत केन्द्रको लक्ष्य, उद्देश्य, अपेक्षित नतिजा तथा उपलब्धिहरू र तयार गरिएका कार्यक्रहरूको सम्बन्धमा प्रष्ट रुपमा सञ्चार गर्ने, गराउने,

(घ) सुरक्षित वैदेशिक रोजगारी सम्बन्धमा तटस्थ रही वैदेशिक रोजगारमा जान चाहने महिला तथा पुरुषहरूलाई स्वयं निर्णय गर्नमा मद्दत पुग्ने सूचना तथा जानकारीहरू प्रभावकारी रुपमा सम्प्रेषण गर्ने,

(ङ) राष्ट्रिय स्तरको आप्रवासी स्रोत केन्द्रको सम्बन्धित कर्मचारीहरूसँग समन्वय गरी सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी आवश्यक सूचना तथा जानकारीहरू, सही र प्रष्ट रुपमा सम्प्रेषण भएको सुनिश्चित गर्ने। सम्भावित कामदार तथा परिवार समक्ष पर्चा, पम्प्लेट पुगेको सुनिश्चितता गर्ने,

(च) वैदेशिक रोजगारीमा जान चाहने महिला तथा पुरुषहरूलाई ठगी ,बेचबिखन हुनबाट जोगिन पूर्वतयारी, क्षमता अभिवृद्धि तथा सीपमूलक तालिम र सीप प्रमाणीकरणका लागि आवश्यक सहयोग गर्ने,

(छ) वैदेशिक रोजगारीको क्रममा स्वदेश वा विदेशमा ठगीमा परेका व्यक्तिलाई उचित परामर्श सल्लाह दिई प्रमाण जुटाउन सहयोग गरी न्यायका लागि पहल तथा सहजीकरण गर्ने,

(ज) मासिक तथा वार्षिक प्रतिवेदन तयार गर्ने,

(झ) स्रोत केन्द्रमा सूचना लिन आएका सबै सेवाग्राहीहरूको विवरण अनिवार्य अनलाइन डाटाबेसमा प्रविष्टि गर्ने,

(ञ) सम्भावित आप्रवासी कामदारहरूलाई सीप तालिमको लागि सम्बन्धित निकायहरूमा सिफारिस गर्ने,

(ट) आप्रवासी कामदारहरूसँग सम्बन्धित विभिन्न समस्याहरूमा आवश्यक सहयोगको लागि सम्बन्धित निकायहरूमा सिफारिस गर्ने,

(ठ) नेपाल सरकारका विभिन्न निकायहरू, मन्त्रालय, सम्बन्धित स्थानीय तह तथा राष्ट्रिय साझेदार संस्थाहरू तथा सरोकारवालाहरूसँग समन्वय गर्ने,

(ड) स्रोत केन्द्रका सेवाग्राहीहरूको हितको सम्बन्धमा प्रमुख जिल्ला अधिकारी वा तोकिएको व्यक्तिसँग नियमित समन्वय गर्ने,

(ढ) आप्रवासी स्रोत केन्द्रमा सूचना लिन आएका सेवाग्राहीहरूमध्ये कम्तीमा दश प्रतिशत सेवाग्राहीहरूलाई अनिवार्य रुपमा फोन फलोअप गर्ने र सोको अभिलेख अनिवार्य अनलाइन डाटाबेसमा प्रविष्टि गर्ने,

(ण) अभिलेखीकरण, घटना अध्ययन, सफलताको कथा तयार गरी नियमित रुपमा सम्बन्धित निकायमा प्रतिवेदन पेश गर्ने,

(त) सम्बन्धित स्थानीय तहका सम्पर्क व्यक्ति, शाखा प्रमुखसँग नियमित समन्वय तथा सम्पर्कमा रहने,

(थ) वैदेशिक रोजगारी सम्बन्धमा प्राप्त भएका नवीनतम सूचना तथा जानकारीहरू स्थानीय तहहरूका रोजगार सेवा केन्द्र अन्तर्गतका कर्मचारीसमक्ष पुगेको सुनिश्चित गर्ने,

(द) सम्बन्धित स्थानीय तहले सञ्चालन गर्ने श्रम तथा वैदेशिक रोजगार सम्बन्धी तालिम, गोष्ठी, अभिमुखीकरण जस्ता कार्यक्रम सञ्चालनमा सहयोग गर्ने,

(ध) स्रोत केन्द्रमा प्राप्त सबै उजुरीहरूको अभिलेखीकरण गरी नियमित फलोअप तथा प्रतिवेदन तयार गर्ने,

(न) अन्य आवश्यक कार्यहरू गर्ने।

(३) सहजकर्ताले सम्बन्धित स्थानीय तहको रोजगार सम्बन्धी विषय हेर्ने शाखा प्रमुखसँग समन्वय गरी काम गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको सहजकर्ताको लागि योग्यता तथा अनुभव देहाय बमोजिम हुनेछः-

(क) नेपाली नागरिक,

(ख) एक्काइस वर्ष पुरा भई चालिस वर्ष ननाघेको महिला,

(ग) मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको,

(घ) आधारभूत कम्प्युटर सीप सम्बन्धी कम्तीमा छ महिना तालिम प्राप्त गरेको,

(५) सहजकर्ता नियुक्ति गर्दा देहायको अनुभव भएका व्यक्तिलाई प्राथमिकता दिनु पर्नेछः-

(क) नेपाली तथा अंग्रेजी भाषाको ज्ञान भएको तथा दुवै भाषामा कम्प्युटर टाइप गर्न सक्ने,

(ख) अनलाइन डाटा इन्ट्री र प्रतिवेदन सम्बन्धी ज्ञान भएको,

(ग) वैदेशिक रोजगारीबाट फर्किएको,

(घ) सूचना तथा परामर्श सम्बन्धी ज्ञान तथा अनुभव भएको,

(ङ) सम्बन्धित जिल्लाको सामाजिक, राजनीतिक तथा आर्थिक परिवेशको ज्ञान भएको,

(च) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सम्बन्धमा ज्ञान भएको,

(छ) स्थानीय भाषा सामान्य रूपमा जान्न र बुझ्न सक्ने।

(६) सहजकर्ताले राजीनामा दिएर नयाँ सहजकर्ता नियुक्ति गर्नु पर्ने भएमा मन्त्रालयबाट पूर्व स्वीकृति लिनु पर्नेछ।

(७) सम्बन्धित स्थानीय तहले सेवाग्राहीको संख्या समेतलाई विचार गर्दै उपदफा (१) मा लेखिए बाहेक आफ्नै स्रोतबाट आवश्यकता अनुसार अन्य सहजकर्ता नियुक्ति गर्न सक्नेछ।

(८) सहजकर्ता नियुक्ति गर्दा कर्मचारी सेवा करारमा लिने सम्बन्धमा स्थानीय तहले लागु गरेको कानून बमोजिम नियुक्ति गर्नु पर्नेछ।

८. **<u>स्रोत केन्द्रको लागि न्यूनतम मापदण्ड तथा पूर्वाधारः</u>** स्रोत केन्द्र सञ्चालनका लागि आवश्यक पर्ने न्यूनतम पूर्वाधार तथा मापदण्ड अनुसूची – १ बमोजिम हुनेछ।

## परिच्छेद – ४

## निर्देशक समिति तथा व्यवस्थापन समिति सम्बन्धी व्यवस्था

९. **निर्देशक समितिको गठन र काम, कर्तव्य तथा अधिकारः** (१) स्रोत केन्द्रको प्रभावकारी सञ्चालन तथा व्यवस्थापनका लागि नेपाल सरकार, स्थानीय तह, साझेदार संस्था लगायतका अन्य क्षेत्रगत निकायसँग समन्वय गर्न एवं स्रोत केन्द्र सञ्चालनका सम्बन्धमा आवश्यक मार्गनिर्देश गर्न मन्त्रालय स्तरमा देहाय बमोजिमको एक सुरक्षित आप्रवासनका लागि आप्रवासी स्रोत केन्द्र (सहायता कक्ष) सञ्चालन तथा व्यवस्थापन निर्देशक समिति रहनेछः-



सामाजिक विकास मन्त्रालय

(क) सचिव, मन्त्रालय —संयोजक

(ख) मन्त्रालयको श्रम तथा रोजगार सम्बन्धी विषय हेर्ने महाशाखा प्रमुख —सदस्य

(ग) मन्त्रालयको महिला सम्बन्धी विषय हेर्ने महाशाखा प्रमुख —सदस्य

(घ) सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत —सदस्य

(ङ) मन्त्रालयको प्राविधिक शिक्षा सम्बन्धी विषय हेर्ने शाखा प्रमुख —सदस्य

(च) मन्त्रालयको श्रम तथा रोजगार सम्बन्धी विषय हेर्ने शाखा प्रमुख —सदस्य–सचिव

(२) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्रोत केन्द्रको व्यवस्थापन तथा सञ्चालनका लागि सम्बन्धित निकायसँग आवश्यक समन्वय गर्नुका साथै स्रोत केन्द्र प्रभावकारी सञ्चालनका लागि दिशानिर्देश गर्ने,

(ख) वैदेशिक रोजगारसँग सम्बन्धित (विदेश जाने व्यक्ति, तिनका परिवार र फर्किएर आएका व्यक्तिहरूलाई लक्षित गरी) योजना तर्जुमा, बजेट व्यवस्थापन र कार्यान्वयनका लागि सम्बन्धित शाखालाई आवश्यक दिशानिर्देश गर्ने,

(ग) अन्य स्थानीय तहहरू, प्रदेश सरकार, नेपाल सरकारका विभिन्न निकायहरू, साझेदार संस्था, विकास नियोग, तालिम प्रदायक संस्था तथा सरोकारवालाहरूसँग आवश्यक समन्वय र सहकार्य गर्ने,

(घ) कार्यक्रम सञ्चालन नभएका स्थानीय तहहरू र अन्य जिल्लामा समेत सिकाई आदानप्रदान गरी आवश्यक नीति, कार्यक्रम र बजेट विनियोजनका लागि सहजीकरण गर्ने,

(ङ) कम्तीमा चौमासिक रुपमा आप्रवासी स्रोत केन्द्र (सहायता कक्ष) लगायतको गतिविधिहरूको अनुगमन गरी समीक्षा गर्ने,

(च) अन्य विषयगत शाखा/समितिहरूसँग वैदेशिक रोजगारसँग सम्बन्धित योजना निर्माण तथा कार्यान्वयनको लागि आवश्यक समन्वय तथा छलफल गर्ने,

(छ) आवधिक रुपमा बैठक बसी सञ्चालित कार्यक्रमहरूको प्रगति समीक्षा गरी थप प्रभावकारिता अभिवृद्धिका लागि आवश्यक सल्लाह सुझाव तथा मार्गनिर्देश गर्ने,

(ज) वैदेशिक रोजगार व्यवस्थापनको क्षेत्रगत सुधारका लागि अन्य आवश्यक कार्यहरू गर्ने।

सामाजिक विकास मन्त्रालय

(३) उपदफा (१) बमोजिमको समितिको बैठक कम्तिमा छ महिनामा एक पटक वा आवश्यकता अनुसार जुनसुकै बेला बस्नेछ।

(४) उपदफा (१) बमोजिमको समितिको बैठकमा वैदेशिक रोजगार सम्बन्धी कार्य गरिरहेका सरकारी तथा गैरसरकारी निकाय तथा संघ संस्थाका प्रतिनिधि तथा अन्य सरोकारवालाहरूलाई आमन्त्रण गर्न सकिनेछ।

(५) उपदफा (१) बमोजिमको समितिको बैठक सम्बन्धी कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ।

१०. **व्यवस्थापन समितिको गठन र काम, कर्तव्य तथा अधिकारः** (१) स्रोत केन्द्रको प्रभावकारी सञ्चालन तथा व्यवस्थापनका लागि स्थानीय स्तरमा समन्वय एवं दिशानिर्देश गर्न स्थानीय तहमा देहाय बमोजिमको एक सुरक्षित आप्रवासनका लागि आप्रवासी स्रोत केन्द्र (सहायता कक्ष) व्यवस्थापन समिति रहनेछः-

(क) प्रमुख, सम्बन्धित स्थानीय तह —संयोजक

(ख) उपप्रमुख, सम्बन्धित स्थानीय तह —सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत, सम्बन्धित स्थानीय तह —सदस्य

(घ) प्रमुख जिल्ला अधिकारीले तोकेको अधिकृत प्रतिनिधि —सदस्य

(ङ) जिल्ला प्रहरी कार्यालयको अधिकृत प्रतिनिधि —सदस्य

(च) सम्बन्धित स्थानीय तहको श्रम तथा रोजगार सम्बन्धी विषय हेर्ने शाखा प्रमुख —सदस्य

(छ) रोजगार संयोजक —सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछः-

(क) जिल्ला प्रशासन कार्यालयको हाताभित्र स्रोत केन्द्रको स्थापना, व्यवस्थापन तथा सञ्चालनका लागि जिल्ला प्रशासन कार्यालयसँग समन्वय गर्ने,

(ख) स्थानीय तहमा वैदेशिक रोजगारसँग सम्बन्धित (विदेश जाने सम्भावित व्यक्ति, तिनका परिवार र फर्किएर आएका व्यक्तिहरूलाई लक्षित गरी) योजना तर्जुमा, बजेट व्यवस्थापन र कार्यान्वयनका लागि सम्बन्धित शाखालाई आवश्यक दिशानिर्देश गर्ने,

(ग) स्रोत केन्द्रको प्रभावकारी व्यवस्थापन तथा सञ्चालनका लागि अन्य स्थानीय तहहरू, प्रदेश सरकार, नेपाल सरकारका निकायहरू, साझेदार संस्था, विकास

नियोग, तालिम प्रदायक संस्था, प्रदेशले तोकेको प्राविधिक सहयोग गर्ने संस्था तथा सरोकारवालाहरूसँग आवश्यक समन्वय र सहकार्य गर्ने,

(घ) कम्तीमा त्रैमासिक रुपमा स्रोत केन्द्रका गतिविधिहरूको अनुगमन गरी समीक्षा गर्नुका साथै सम्बन्धित स्थानीय तहको उपमेयरको संयोजकत्वमा भएको अनुगमन समितिबाट समेत स्रोत केन्द्रको सञ्चालन अवस्थाका सम्बन्धमा नियमित रुपमा अनुगमन गराई प्रतिवेदन लिने,

(ङ) अन्य विषयगत शाखा/समितिहरूसँग वैदेशिक रोजगारसँग सम्बन्धित योजना निर्माण तथा कार्यान्वयनको लागि आवश्यक समन्वय तथा छलफल गर्ने,

(च) आवधिक रुपमा बैठक बसी सञ्चालित कार्यक्रमहरूको प्रगति समीक्षा गरी प्रभावकारिता अभिवृद्धिका लागि आवश्यक सल्लाह, सुझाव तथा मार्गनिर्देश गर्ने,

(छ) स्रोत केन्द्रको प्रभावकारी सञ्चालनका लागि अन्य आवश्यक कार्य गर्ने।

(३) उपदफा (१) बमोजिमको समितिको बैठक कम्तिमा चार महिनामा एक पटक वा आवश्यकता अनुसार जुनसुकै बेला बस्नेछ।

(४) उपदफा (१) बमोजिमको समितिको बैठकमा वैदेशिक रोजगारी सम्बन्धी कार्य गरिरहेका सरकारी तथा गैरसरकारी निकाय तथा संघ संस्थाका प्रतिनिधि तथा अन्य सरोकारवालाहरूलाई आमन्त्रण गर्न सकिनेछ।

(५) उपदफा (१) बमोजिमको समितिको बैठक सम्बन्धी कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद – ५

## सम्बद्ध निकायहरूको भूमिका तथा जिम्मेवारी सम्बन्धी व्यवस्था

**११. मन्त्रालयको भूमिका तथा जिम्मेवारीः** स्रोत केन्द्रको प्रभावकारी सञ्चालनका लागि मन्त्रालयको भूमिका तथा जिम्मेवारी देहाय बमोजिम हुनेछः-

(क) स्रोत केन्द्रको सञ्चालन तथा व्यवस्थापनका लागि नीतिगत नेतृत्व प्रदान गर्ने,

(ख) स्रोत केन्द्र सञ्चालन तथा व्यवस्थापनका लागि नियमित रूपमा बजेट विनियोजन गर्ने तथा विनियोजित बजेट रकम खर्च गर्नका लागि वित्तीय मार्गदर्शन तयार गर्ने,

(ग) स्रोत केन्द्रको दिगोपनका लागि स्रोतको व्यवस्थापन गर्न स्थानीय तह तथा अन्य निकाय तथा गैरसरकारी संस्थाहरूसँग समन्वय गर्ने,

(घ) वैदेशिक रोजगार सम्बन्धी अन्य कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्न स्थानीय तह तथा गैरसरकारी संस्थाहरूलाई सहजीकरण गर्ने,

(ङ) सम्बन्धित स्थानीय तहमार्फत स्रोत केन्द्रको भौगोलिक क्षेत्र भित्रको वैदेशिक रोजगारीमा जाने सम्भावित व्यक्ति, गएका र वैदेशिक रोजगारबाट फर्केर आएका व्यक्तिहरूको तथ्याङ्क सङ्कलनका लागि स्थानीय तह र अन्य सरोकारवालाहरूसँग आवश्यक समन्वय र सहकार्य गर्ने,

(च) खण्ड (ङ) बमोजिम सङ्कलन गरेको तथ्याङ्क तथा वस्तुगत विवरणको आधारमा वार्षिक तथा आवधिक योजना तर्जुमा र बजेट व्यवस्था गरी कार्यक्रमहरू तर्जुमा गर्न नेतृत्वदायी भूमिका निर्वाह गर्ने,

(छ) स्रोत केन्द्र सञ्चालनका लागि सम्बन्धित स्थानीय तहलाई सशर्त बजेट उपलब्ध गराउने,

(ज) सञ्चालित कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सुधारका लागि सुझाव दिने,

(झ) मन्त्रालयको श्रम तथा रोजगार सम्बन्धी विषय हेर्ने शाखा प्रमुखलाई कार्यक्रम सम्पर्क व्यक्ति तोक्ने,

(ञ) निर्देशक समितिको गठन गर्ने र सो समितिको काम, कर्तव्य र अधिकार बमोजिमका कार्यहरू गर्ने, गराउने,

(ट) स्रोत केन्द्रको सिकाई, अनुभव तथा सवालहरूलाई यथार्थपरक र प्रभावकारी रुपमा दस्तावेजीकरण गर्न तथा प्रचार–प्रसार गर्न सहयोग पुऱ्याउने,

(ठ) स्रोत केन्द्रको दिगोपनका लागि वार्षिक रुपमा बजेट विनियोजनको सुनिश्चितता गर्ने, गराउने,

(ड) स्रोत केन्द्रले प्रदान गरेका सेवाको नियमित अनुगमन गर्ने र प्रभावकारिताको सुनिश्चितता गर्ने,

(ढ) स्रोत केन्द्रले प्रदान गरेका सेवाको गुणस्तर सुनिश्चित गर्न साझेदार संस्थासँग समन्वय र सहकार्य गर्ने,

(ण) स्रोत केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आवश्यक अन्य कार्य गर्ने, गराउने।

१२. **स्थानीय तहको भूमिका तथा जिम्मेवारीः** स्रोत केन्द्रको प्रभावकारी सञ्चालनका लागि सम्बन्धित स्थानीय तहको भूमिका तथा जिम्मेवारी देहाय बमोजिम हुनेछः-

(क) सम्बन्धित जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरी जिल्ला प्रशासन कार्यालयको हाता भित्र स्रोत केन्द्रको स्थापना गरी सेवा प्रदान गर्ने,

(ख) स्रोत केन्द्र सञ्चालन सम्बन्धी अवधारणाको प्रभावकारी कार्यान्वयन गर्न सो सम्बन्धी पूर्ण जिम्मेवारी बहन गर्ने,

(ग) स्रोत केन्द्र सञ्चालनका लागि व्यवस्थापन समिति गठन गर्ने,

(घ) जिल्ला भित्रका अन्य स्थानीय तहहरूसँग समन्वय गरी प्रत्येक स्थानीय तहबाट कार्यक्रमको लागि एक जना सम्पर्क व्यक्ति तोक्ने व्यवस्था गर्ने,

(ङ) स्रोत केन्द्र सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक रकम (प्रदेशबाट विनियोजित र स्थानीय स्रोतबाट समेत) आफ्नो वार्षिक कार्यक्रम र बजेटमा समावेश गरी सभाबाट अनुमोदन गर्ने,

(च) स्रोत केन्द्र सञ्चालनका लागि आवश्यक सहजकर्ता नियुक्त गर्ने,

(छ) स्रोत केन्द्र सञ्चालन तथा दिगोपनका लागि आवश्यकता अनुसार बजेट विनियोजन गर्ने,

(ज) कार्यक्रम कार्यान्वयनको सम्बन्धमा मन्त्रालय र साझेदार संस्थासँग नियमित समन्वय गर्ने,

(झ) कार्यक्रमको गुणस्तरीयता सुनिश्चित गर्न प्रभावकारी प्राविधिक सहयोगको लागि साझेदार संस्थालाई सहजीकरण गर्ने तथा वैदेशिक रोजगारसँग सम्बन्धित अन्य विषयमा मन्त्रालय तथा नेपाल सरकारका विभिन्न निकायहरूसँग समन्वय र सहकार्य गर्ने,

(ञ) कार्यक्रम कार्यान्वयनको नियमित रुपमा अनुगमन तथा मूल्याङ्कन गरी गुणस्तरीयताको सुनिश्चितता गर्ने,

(ट) चौमासिक तथा वार्षिक रुपमा कार्यक्रमहरूको प्रगति समीक्षा गर्ने,

(ठ) स्रोत केन्द्र सञ्चालनको प्रभावकारिता सम्बन्धमा चौमासिक, अर्धवार्षिक र वार्षिक प्रतिवेदन तयार गरी व्यवस्थापन समिति र मन्त्रालयसमक्ष पेश गरी यसको एक प्रति साझेदार संस्थालाई समेत उपलब्ध गराउने,

(ड) वैदेशिक रोजगार सम्बन्धी विषयहरूमा आप्रवासी कामदार तथा उनका परिवारहरू संलग्न भई स्थापना भएका समूह, संस्था तथा सञ्जालहरूको क्षमता अभिवृद्धिमा प्रोत्साहन गर्ने,

(ढ) वैदेशिक रोजगारलाई सुरक्षित र लाभदायी बनाउन विभिन्न सरोकारवालाहरू तथा नागरिक समाजसँग छलफल/अन्तरक्रिया गर्ने,

सामाजिक विकास मन्त्रालय

(ण) कार्यक्रम कार्यान्वयनको आन्तरिक तथा अन्तिम लेखा परीक्षण गर्ने, गराउने र औंल्याइएका प्रतिक्रिया र सुझाव तथा सिफारिसहरू कार्यान्वयन गर्ने, गराउने,

(त) कार्यक्रमसँग सम्बन्धित विषयमा कुनै समस्या आएमा व्यवस्थापन समितिमार्फत छलफल गरी निर्णय गर्ने वा आवश्यकता अनुसार निर्देशक समितिसमक्ष पेश गर्ने,

(थ) स्रोत केन्द्रको प्रभावकारी सञ्चालनका लागि अन्य आवश्यक कार्य गर्ने, गराउने।

१३. **<u>साझेदार संस्थाको भूमिका तथा जिम्मेवारीः</u>** स्रोत केन्द्रको प्रभावकारी सञ्चालनका लागि साझेदार संस्थाको भूमिका तथा जिम्मेवारी देहाय बमोजिम हुनेछः-

(क) प्रभावकारी तथा गुणस्तरीय रुपमा स्रोत केन्द्र सञ्चालनका लागि आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने,

(ख) सामाजिक समावेशीकरण तथा लैङ्गिक समतालाई समेत समावेश गरी आप्रवासी स्रोत केन्द्र सञ्चालनको उद्देश्य, लक्ष्य, अपेक्षित उपलब्धी र परिणामबारे स्थानीय तहका सम्बन्धित कर्मचारी र निर्वाचित जनप्रतिनिधिहरूलाई जानकारी गराउन सहयोग गर्ने,

(ग) कार्यक्रमसँग सम्बन्धित स्थानीय तहका कर्मचारीहरू तथा जनप्रतिनिधिहरूलाई वैदेशिक रोजगार सम्बन्धी विषयहरूमा प्राविधिक क्षमता विकासमा सहयोग पुऱ्याउने,

(घ) व्यवस्थापन समिति, निर्देशक समिति, स्थानीय तह तथा मन्त्रालयले माग गरेका कार्यक्रमसँग सम्बन्धित राय, सल्लाह, सुझाव तथा प्रतिवेदन उपलव्ध गराउने,

(ङ) आवधिक प्रतिवेदन तयार गर्ने कार्यमा सहजकर्तालाई सहयोग गर्ने,

(च) स्रोत केन्द्र सञ्चालनका सिकाइ तथा अनुभवहरूलाई अभिलेखीकरण गर्ने साथै वैदेशिक रोजगार सम्बन्धी विषयमा मन्त्रालयसमक्ष आवश्यक विषयवस्तु उठान गरी पैरवी गर्न सहयोग पुऱ्याउने,

(छ) कार्यक्रमका विषयगत पक्षहरूलाई समेटी स्थानीय तहका कर्मचारीहरू सहित सहजकर्ताको क्षमता तथा दक्षता विकासका लागि तालिम लगायत प्राविधिक सहयोग पुऱ्याउने,

(ज) कार्यक्रम सञ्चालनका लागि विषयगत प्राविधिक ज्ञान, सीप एवं अनुभवहरू उपलब्ध गराई सहयोग गर्नुका साथै सूचना, शिक्षा तथा सञ्चार सम्बन्धी सामग्रीहरू उपलब्ध गराउने,

(झ) वैदेशिक रोजगार सम्बन्धी स्थानीय तहले विकास गर्ने सचेतनामूलक सामग्रीहरू निर्माणमा प्राविधिक सहयोग पुऱ्याउने,

(ञ) नेपाल सरकारका विभिन्न निकायहरू, स्थानीय तहहरू र अन्य सम्बद्ध निकायहरूबीचको प्राविधिक, आर्थिक सहयोग र समन्वय प्रवर्द्धनमा सक्रिय भूमिका निर्वाह गर्ने,

(ट) स्रोत केन्द्रको सञ्चालन प्रभावकारिता अभिवृद्धिका लागि अन्य आवश्यक कार्य गर्ने, गराउने।

## परिच्छेद – ६

## बजेट विनियोजन, लेखा परीक्षण तथा अनुगमन र प्रतिवेदन सम्बन्धी व्यवस्था

१४. **बजेट विनियोजनः** (१) स्रोत केन्द्र सञ्चालनका लागि प्रदेश सरकारको नियमित बजेट तथा कार्यक्रमबाट विनियोजन गरी सशर्त अनुदानस्वरूप स्थानीय तहलाई रकम उपलब्ध गराइने छ।

(२) स्रोत केन्द्रको दिगोपनका लागि आवश्यक स्रोतको व्यवस्थापन गर्न अन्य स्थानीय तह तथा गैरसरकारी संस्थाहरूसँग समन्वय गरिने छ।

१५. **लेखा तथा लेखा परीक्षणः** स्रोत केन्द्रमा हुने खर्चहरूको सम्बन्धमा समग्र वित्तीय अनुशासन कायम गर्ने र कार्यक्रमको उद्देश्य अनुसार लक्ष्य प्राप्ति हुने गरी प्रचलित कानून अनुसार खर्च गर्ने, लेखाङ्कन गर्ने र सोको लेखा परीक्षण गराउने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ।

१६. **अनुगमन र प्रतिवेदनः** (१) मन्त्रालय तथा सम्बन्धित स्थानीय तहबाट स्रोत केन्द्रको काम कारबाहीको अवस्थाका सम्बन्धमा समय — समयमा अनुगमन हुनेछ।

(२) सहजकर्ताले अघिल्लो महिनाको मासिक प्रतिवेदन तयार गरी प्रत्येक महिनाको पहिलो हप्ताभित्र सम्बन्धित स्थानीय तहको सम्पर्क व्यक्तिलाई प्रतिवेदन पेश गर्नु पर्नेछ। स्थानीय तहको सम्पर्क व्यक्तिले सहजकर्ताले पेश गरेको प्रतिवेदनलाई एकीकृत गरी त्रैमासिक प्रतिवेदन तयार गरी व्यवस्थापन समितिसमक्ष पेश गरी सो को एक/एक प्रति बोधार्थको रूपमा मन्त्रालय तथा साझेदार संस्थामा समेत पठाउनु पर्नेछ।

(३) सहजकर्ताले स्रोत केन्द्रबाट वर्षभरीमा गरिएका कार्यहरूको सम्बन्धमा साझेदार संस्थाको सहयोगमा प्रतिवेदन तयार गरी मन्त्रालय तथा सम्बन्धित स्थानीय तह समक्ष पेश गर्नु पर्नेछ।

## परिच्छेद – ७
## विविध

१७. **सम्झौता तथा समझदारीः** (१) स्रोत केन्द्रको प्रभावकारी सञ्चालन तथा व्यवस्थापनका लागि मन्त्रालय, सम्बन्धित स्थानीय तह तथा साझेदार संस्थाबीच अनुसूची – २ बमोजिमको ढाँचामा आवश्यकता अनुसार परिमार्जन गरी समझदारी गरिने छ।

(२) उपदफा (१) बमोजिमको समझदारी अन्तर्गतका सम्झौताका बुँदाहरूमा मन्त्रालय, स्थानीय तह तथा साझेदार संस्थासमेत तीनै पक्षको सहमतिमा आवश्यक परिमार्जन गर्न सकिने छ।

(३) उपदफा (१) बमोजिमको समझदारी – पत्रमा मन्त्रालयको तर्फबाट श्रम तथा रोजगार सम्बन्धी विषय हेर्ने महाशाखा प्रमुखले हस्ताक्षर गर्नेछन्।

१८. **समन्वय तथा सहकार्यः** स्रोत केन्द्र सञ्चालनका लागि अन्य स्थानीय तहहरू, प्रदेश सरकारका अन्य मन्त्रालयहरू, नेपाल सरकारका विभिन्न निकायहरु र साझेदार संस्था तथा दातृ निकाय र विकास साझेदारहरूसँग समन्वय र सहकार्य गरिने छ।

१९. **संशोधन तथा खारेजीः** यस निर्देशिकाको संशोधन तथा खारेजी गर्ने अधिकार कोशी प्रदेश सरकारमा निहित रहने छ।

सामाजिक विकास मन्त्रालय

## अनुसूची – १
### (दफा ८ सँग सम्बन्धित)

**स्रोत केन्द्र सञ्चालनका लागि आवश्यक न्यूनतम पूर्वाधार तथा मापदण्ड**

| मापदण्ड | न्यूनतम आवश्यकताहरू |
|---|---|
| स्रोत केन्द्रको अवस्थिति (स्थान) | स्रोत केन्द्र राहदानीको लागि निवेदन दिने स्थान जिल्ला प्रशासन कार्यालयभित्र वा सँगै जोडिएको स्थानमा सेवाग्राहीको सहज पहुँच हुने स्थानमा सञ्चालन गर्ने । |
| स्रोत केन्द्रको कोठाको आकार र संख्या | पुरुष र महिला सेवाग्राहीको लागि अलग–अलग हुने गरी कम्तीमा १२X१० फिट साइजका २ कोठा हुनुपर्ने छ। साथै, एउटा केही ठूलो आकारको सभा कक्षमा समूहगत परामर्श कक्षको सहज पहुँच भएको हुनुपर्ने । |
| परामर्श दिने कार्यका लागि न्यूनतम जनशक्ति | एक जना सहजकर्ता (महिला)<br>(स्थानीय तहले आफ्नो स्रोतमा अन्य सहजकर्ता राख्न सक्ने) |
| न्यूनतम उपकरणहरू | ल्यापटप १, प्रिन्टर १, फोटोकपी मेसिन १, स्क्यानर १, प्रोजेक्टर १, स्पिकर, इन्टरनेट सुविधा २, ल्यान्डलाइन टेलिफोन १, अफिस टेबल १ र कुर्सी १५ |
| प्रचार–प्रसार सामग्री | निम्न विषयमा आधारित प्रचार सामग्री चाहिनेछः-<br><br>(क) सुरक्षित आप्रवासन (वैदेशिक रोजगारका लागि) चाहिने आधारभूत सूचना भएको पुस्तिका,<br>(ख) महिला कामदार केन्द्रित सूचना सामग्री,<br>(ग) सीप विकास तालिम सम्बन्धी जानकारी भएको सामग्री,<br>(घ) कानूनी सेवा तथा प्रावधान सम्बन्धी जानकारी भएको सामग्री,<br>(ङ) पुनः एकीकरण सम्बन्धी सूचना,<br>(च) विप्रेषणको उपयोग सम्बन्धी जानकारीमूलक सूचना,<br>(छ) अन्य आवश्यक सामग्रीहरू। |
| तथ्याङ्क/अभिलेख व्यवस्थापन | (क) अनलाइन डाटा प्रणालीको व्यवस्था भएको,<br>(ख) सम्भावित आप्रवासी, सीप तालिम, न्यायमा सहजीकरण लगायतका सेवा प्राप्त गर्ने सेवाग्राहीहरूको प्रभावकारी दस्ताबेजीकरणको व्यवस्था भएको। |

अनुसूची —२

(दफा १७ को उपदफा (१) सँग सम्बन्धित)

समझदारी —पत्रको ढाँचा

## सुरक्षित आप्रवासनका लागि आप्रवासी स्रोत केन्द्र (सहायता कक्ष) सञ्चालन तथा व्यवस्थापन गर्ने सम्बन्धमा

## सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश, विराटनगर,

## साझेदार संस्था ................. र

## ........... पालिकाबीच भएको

# समझदारी – पत्र

# (Memorandum of Understanding – MoU)

सामाजिक विकास मन्त्रालय

**सुरक्षित आप्रवासनका लागि आप्रवासी स्रोत केन्द्र (सहायता कक्ष) सञ्चालन तथा व्यवस्थापनका लागि प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश, साझेदार संस्था .... र .... पालिकाबीच भएको**

**समझदारी – पत्र**

**(Memorandum of Understanding – MoU)**

## १. पृष्ठभूमि

वैदेशिक रोजगारीको क्षेत्रलाई सुरक्षित, मर्यादित एवं उपलब्धिमूलक बनाउन लक्षित वर्गलाई सुरक्षित वैदेशिक रोजगार सम्बन्धी प्रभावकारी सूचना, सीप विकासमा सहजीकरण, न्यायमा पहुँच, विप्रेषणको आयमूलक क्षेत्रमा परिचालन, परिवारिक-सामाजिक पुनः एकीकरण लगायतका विषयमा सूचना तथा परामर्श सेवा प्रवाह गर्नको लागि कोशी प्रदेश सरकारद्वारा जारी गरिएको "सुरक्षित आप्रवासनका लागि आप्रवासी स्रोत केन्द्र (सहायता कक्ष) (व्यवस्थापन तथा सञ्चालन) सम्बन्धी निर्देशिका, २०८०" (यसपछि "निर्देशिका" भनिएको) बमोजिम प्रदेश सरकार तथा स्थानीय तहको साझेदारीमा स्थानीय तहमार्फत सुरक्षित आप्रवासनका लागि आप्रवासी स्रोत केन्द्र (सहायता कक्ष) (यसपछि "स्रोत केन्द्र" भनिएको) सञ्चालन गर्दै केन्द्रको सञ्चालनमा सम्बन्धित सबै पक्षको भूमिका तय गर्न सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश, विराटनगर (यसपछि "मन्त्रालय" भनिएको), ...... पालिका (यसपछि "पालिका" भनिएको) साझेदार संस्था ................. (यसपछि "साझेदार संस्था" भनिएको) सहमत भई निम्न साक्षीहरूको रोहवरमा उल्लिखित दफा २ देखि ९ सम्मका शर्तहरूको अधीनमा रही आज मिति ............. गते यो समझदारी–पत्रमा हस्ताक्षर गरी एक–एक प्रति एक आपसमा लियौं/दियौं ।

## २. स्रोत केन्द्र सञ्चालन गर्ने सम्बन्धी व्यवस्था

(क) वैदेशिक रोजगार सम्बन्धी सूचना तथा परामर्श सेवाका साथै वैदेशिक रोजगार सम्बन्धी अन्य विशिष्टीकृत सेवा प्रदान गर्न स्रोत केन्द्र (सहायता कक्ष) को सञ्चालन गरिने छ।

(ख) मन्त्रालयको नीतिगत नेतृत्व र साझेदार संस्थाको प्राविधिक सहयोगमा पालिकाले कार्यान्वयन गर्ने स्रोत केन्द्र पालिका रहेको स्थानको जिल्ला प्रशासन कार्यालयको परिसरमा सञ्चालन गरिने छ। यसका लागि जिल्ला प्रशासन कार्यालयसँग आवश्यक समन्वय गर्ने कार्य मन्त्रालय र पालिका दुवै पक्षले गर्नेछ।

## ३. स्रोत केन्द्रबाट सञ्चालन गरिने कार्यहरू

निर्देशिकाको दफा ४ बमोजिमका कार्यहरू स्रोत केन्द्रबाट सञ्चालन गरिने छ।

## ४. स्रोत केन्द्रको सञ्चालनमा मन्त्रालयको भूमिका

(क) स्रोत केन्द्रको सञ्चालन तथा व्यवस्थापनका लागि नीतिगत नेतृत्व प्रदान गर्ने,

(ख) स्रोत केन्द्र सञ्चालन तथा व्यवस्थापनका लागि नियमित रूपमा बजेट विनियोजन गर्ने तथा विनियोजित बजेट रकम खर्च गर्नका लागि वित्तीय मार्गदर्शन तयार गर्ने,

(ग) स्रोत केन्द्रको दिगोपनका लागि स्रोतको व्यवस्थापन गर्न स्थानीय तह तथा अन्य निकाय तथा गैरसरकारी संस्थाहरूसँग समन्वय गर्ने,

(घ) वैदेशिक रोजगार सम्बन्धी अन्य कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्न स्थानीय तह तथा गैरसरकारी संस्थाहरूलाई सहजीकरण गर्ने,

(ङ) सम्बन्धित स्थानीय तहमार्फत स्रोत केन्द्रको भौगोलिक क्षेत्र भित्रको वैदेशिक रोजगारीमा जाने सम्भावित व्यक्ति, गएका र वैदेशिक रोजगारबाट फर्केर आएका व्यक्तिहरूको तथ्याङ्क सङ्कलनका लागि स्थानीय तह र अन्य सरोकारवालाहरूसँग आवश्यक समन्वय र सहकार्य गर्ने,

(च) खण्ड (ङ) बमोजिम सङ्कलन गरेको तथ्याङ्क तथा वस्तुगत विवरणको आधारमा वार्षिक तथा आवधिक योजना तर्जुमा र बजेट व्यवस्था गरी कार्यक्रमहरू तर्जुमा गर्न नेतृत्वदायी भूमिका निर्वाह गर्ने,

(छ) स्रोत केन्द्र सञ्चालनका लागि सम्बन्धित स्थानीय तहलाई सशर्त बजेट उपलब्ध गराउने,

(ज) सञ्चालित कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सुधारका लागि सुझाव दिने,

(झ) मन्त्रालयको श्रम तथा रोजगार सम्बन्धी विषय हेर्ने शाखा प्रमुखलाई कार्यक्रम सम्पर्क व्यक्ति तोक्ने,

(ञ) निर्देशक समितिको गठन गर्ने र सो समितिको काम, कर्तव्य र अधिकार बमोजिमका कार्यहरू गर्ने, गराउने,

(ट) स्रोत केन्द्रको सिकाई, अनुभव तथा सवालहरूलाई यथार्थपरक र प्रभावकारी रुपमा दस्तावेजीकरण गर्न तथा प्रचार–प्रसार गर्न सहयोग पुऱ्याउने,

(ठ) स्रोत केन्द्रको दिगोपनका लागि वार्षिक रुपमा बजेट विनियोजनको सुनिश्चितता गर्ने, गराउने,

(ड) स्रोत केन्द्रले प्रदान गरेका सेवाको नियमित अनुगमन गर्ने र प्रभावकारिताको सुनिश्चितता गर्ने,

(ढ) स्रोत केन्द्रले प्रदान गरेका सेवाको गुणस्तर सुनिश्चित गर्न साझेदार संस्थासँग समन्वय र सहकार्य गर्ने,

(ण) स्रोत केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आवश्यक अन्य कार्य गर्ने, गराउने।

५. **स्रोत केन्द्र सञ्चालनमा पालिकाको भूमिका**

(क) सम्बन्धित जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरी जिल्ला प्रशासन कार्यालयको हाता भित्र स्रोत केन्द्रको स्थापना गरी सेवा प्रदान गर्ने,

(ख) स्रोत केन्द्र सञ्चालन सम्बन्धी अवधारणाको प्रभावकारी कार्यान्वयन गर्न सो सम्बन्धी पूर्ण जिम्मेवारी बहन गर्ने,

(ग) स्रोत केन्द्र सञ्चालनका लागि व्यवस्थापन समिति गठन गर्ने,

(घ) जिल्ला भित्रका अन्य स्थानीय तहहरूसँग समन्वय गरी प्रत्येक स्थानीय तहबाट कार्यक्रमको लागि एक जना सम्पर्क व्यक्ति तोक्ने व्यवस्था गर्ने,

(ङ) स्रोत केन्द्र सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक रकम (प्रदेशबाट विनियोजित र स्थानीय स्रोतबाट समेत) आफ्नो वार्षिक कार्यक्रम र बजेटमा समावेश गरी सभाबाट अनुमोदन गर्ने,

(च) स्रोत केन्द्र सञ्चालनका लागि आवश्यक सहजकर्ता नियुक्त गर्ने,

(छ) स्रोत केन्द्र सञ्चालन तथा दिगोपनका लागि आवश्यकता अनुसार बजेट विनियोजन गर्ने,

(ज) कार्यक्रम कार्यान्वयनको सम्बन्धमा मन्त्रालय र साझेदार संस्थासँग नियमित समन्वय गर्ने,

(झ) कार्यक्रमको गुणस्तरीयता सुनिश्चित गर्न प्रभावकारी प्राविधिक सहयोगको लागि साझेदार संस्थालाई सहजीकरण गर्ने तथा वैदेशिक रोजगारसँग सम्बन्धित अन्य विषयमा मन्त्रालय तथा नेपाल सरकारका विभिन्न निकायहरूसँग समन्वय र सहकार्य गर्ने,

(ञ) कार्यक्रम कार्यान्वयनको नियमित रुपमा अनुगमन तथा मूल्याङ्कन गरी गुणस्तरीयताको सुनिश्चितता गर्ने,

(ट) चौमासिक तथा वार्षिक रुपमा कार्यक्रमहरूको प्रगति समीक्षा गर्ने,

(ठ) स्रोत केन्द्र सञ्चालनको प्रभावकारिता सम्बन्धमा चौमासिक, अर्धवार्षिक र वार्षिक प्रतिवेदन तयार गरी व्यवस्थापन समिति र मन्त्रालयसमक्ष पेश गरी यसको एक प्रति साझेदार संस्थालाई समेत उपलब्ध गराउने,

(ड) वैदेशिक रोजगार सम्बन्धी विषयहरूमा आप्रवासी कामदार तथा उनका परिवारहरू संलग्न भई स्थापना भएका समूह, संस्था तथा सञ्जालहरूको क्षमता अभिवृद्धिमा प्रोत्साहन गर्ने,

(ढ) वैदेशिक रोजगारलाई सुरक्षित र लाभदायी बनाउन विभिन्न सरोकारवालाहरू तथा नागरिक समाजसँग छलफल/अन्तरक्रिया गर्ने,

(ण) कार्यक्रम कार्यान्वयनको आन्तरिक तथा अन्तिम लेखा परीक्षण गर्ने, गराउने र औंल्याइएका प्रतिक्रिया र सुझाव तथा सिफारिसहरू कार्यान्वयन गर्ने, गराउने,

(त) कार्यक्रमसँग सम्बन्धित विषयमा कुनै समस्या आएमा व्यवस्थापन समितिमार्फत छलफल गरी निर्णय गर्ने वा आवश्यकता अनुसार निर्देशक समितिसमक्ष पेश गर्ने,

(थ) स्रोत केन्द्रको प्रभावकारी सञ्चालनका लागि अन्य आवश्यक कार्य गर्ने, गराउने।

६. **<u>स्रोत केन्द्र सञ्चालनमा साझेदार संस्थाको भूमिका</u>**

(क) प्रभावकारी तथा गुणस्तरीय रुपमा स्रोत केन्द्र सञ्चालनका लागि आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने,

(ख) सामाजिक समावेशीकरण तथा लैङ्गिक समतालाई समेत समावेश गरी आप्रवासी स्रोत केन्द्र सञ्चालनको उद्देश्य, लक्ष्य, अपेक्षित उपलब्धी र परिणामबारे स्थानीय तहका सम्बन्धित कर्मचारी र निर्वाचित जनप्रतिनिधिहरूलाई जानकारी गराउन सहयोग गर्ने,

(ग) कार्यक्रमसँग सम्बन्धित स्थानीय तहका कर्मचारीहरू तथा जनप्रतिनिधिहरूलाई वैदेशिक रोजगार सम्बन्धी विषयहरूमा प्राविधिक क्षमता विकासमा सहयोग पुऱ्याउने,

(घ) व्यवस्थापन समिति, निर्देशक समिति, स्थानीय तह तथा मन्त्रालयले माग गरेका कार्यक्रमसँग सम्बन्धित राय, सल्लाह, सुझाव तथा प्रतिवेदन उपलब्ध गराउने,

(ङ) आवधिक प्रतिवेदन तयार गर्ने कार्यमा सहजकर्तालाई सहयोग गर्ने,

(च) स्रोत केन्द्र सञ्चालनका सिकाइ तथा अनुभवहरूलाई अभिलेखीकरण गर्ने साथै वैदेशिक रोजगार सम्बन्धी विषयमा मन्त्रालयसमक्ष आवश्यक विषयवस्तु उठान गरी पैरवी गर्न सहयोग पुऱ्याउने,

(छ) कार्यक्रमका विषयगत पक्षहरूलाई समेटी स्थानीय तहका कर्मचारीहरू सहित सहजकर्ताको क्षमता तथा दक्षता विकासका लागि तालिम लगायत प्राविधिक सहयोग पुऱ्याउने,

(ज) कार्यक्रम सञ्चालनका लागि  विषयगत प्राविधिक ज्ञान, सीप एवं अनुभवहरू उपलब्ध गराई सहयोग गर्नुका साथै सूचना, शिक्षा तथा सञ्चार सम्बन्धी सामग्रीहरू उपलब्ध गराउने,

(झ) वैदेशिक रोजगार सम्बन्धी स्थानीय तहले विकास गर्ने सचेतनामूलक सामग्रीहरू निर्माणमा प्राविधिक सहयोग पुऱ्याउने,

(ञ) नेपाल सरकारका विभिन्न निकायहरू, स्थानीय तहहरू र अन्य सम्बद्ध निकायहरूबीचको प्राविधिक, आर्थिक सहयोग र समन्वय प्रवर्द्धनमा सक्रिय भूमिका निर्वाह गर्ने,

(ट) स्रोत केन्द्रको सञ्चालन प्रभावकारिता अभिवृद्धिका लागि अन्य आवश्यक कार्य गर्ने, गराउने।

**७. <u>सम्झौताको अवधि</u>**

यो समझदारी – पत्रमा उल्लिखित सम्झौताको अवधि आजका मितिबाट प्रारम्भ हुनेछ र तीनै पक्षहरूको आपसी सहमतिमा सम्झौताको अन्त्य गरिने छ।

**८. <u>विवाद समाधान तथा सम्झौता संशोधन</u>**

यो समझदारी – पत्रमा उल्लिखित सम्झौता कार्यान्वयनका क्रममा कुनै विवाद देखापरेमा आपसी सहमतिमा सम्झौताका बुँदाहरूमा संशोधन गर्न सकिनेछ ।

**९. <u>प्रचलित कानून बमोजिम हुने</u>**

यो समझदारी – पत्रमा उल्लिखित सम्झौतामा लेखिएका विषयहरू यसै बमोजिम तथा नलेखिएका अन्य विषयहरू निर्देशिका तथा प्रचलित कानून बमोजिम हुनेछ ।

माथि उल्लिखित शर्तहरूको अधीनमा रही सम्झौता बमोजिमको कार्य गर्न गराउन हामी मञ्जुर भएको भनी आ–आफ्नो तर्फबाट समझदारी –पत्रमा सहिछाप गर्ने,-

| **<u>साझेदार संस्थाको तर्फबाट</u>** | **<u>पालिकाको तर्फबाट</u>** | **<u>मन्त्रालयको तर्फबाट</u>** |
|---|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः | नामः |
| पदः | पदः | पदः |
| कार्यालयः | कार्यालयः | कार्यालयः |
| **<u>रोहवरः</u>** | **<u>रोहवरः</u>** | **<u>रोहवरः</u>** |
| हस्ताक्षरः | हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः | नामः |
| पदः | पदः | पदः |
| कार्यालयः | कार्यालयः | कार्यालयः |